# तपाईं सुरक्षित हुनुहुन्छ भन्ने सुनिश्चित गर्नुहोस्।

लामखुट्टेहरूले **जापानिज इन्सेफलाइटिस भाइरस (JEV)** जस्ता बिमारीहरू सार्न सक्छन्। आफूलाई सुरक्षित राख्ने सामान्य कदमहरू चाल्नुहोस्।



झ्याल र प्रवेशद्वारहरूमा पर्दा वा जाली प्रयोग गर्नुहोस्।

लामो र खुकुलो पहिरन लगाउनुहोस्।

किराहरू भगाउने विकर्षक (repellent) प्रयोग गर्नुहोस्।

नबग्ने जम्मा भएको पानी हटाउनुहोस्।

Australian Government
Department of Health and Aged Care

Nepali



JEV संक्रमण भएका अधिकांश मानिसहरूले लक्षणहरू अनुभव गर्दैनन्, तर विरलै यसले गम्भीर बिमारी र मृत्युसमेत निम्त्याउन सक्छ।

केही मानिसहरूलाई लामखुट्टेले टोकेको ५ देखि १५ दिनसम्ममा ज्वरो आउने र टाउको दुख्ने हुन्छ। अरू कतिपयलाई भने घाँटी कडा हुने, भ्रान्ति हुने, काम्ने, कोमा, ऐंठन हुने (विशेष गरी केटाकेटीमा) र पक्षघात हुने जस्ता गम्भीर लक्षणहरू देखा पर्न सक्छन्।

यदि तपाईं वा तपाईंले चिनेको कुनै व्यक्तिलाई लक्षणहरू देखा परिरहेको छ भने, तुरुन्तै चिकित्सीय सहयोग लिनुहोस्।

**health.gov.au/jev-translated-information**